# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/०५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | कमोद तिवारी, शम्भु साह रौनियार र शिवप्रकाश साह तेली<br><br>(मुद्दा नं. ०७९-CR-००९०)<br>फैसला मिति २०८१।०२।१६ | **क्लबको नामको जग्गा व्यक्तिको नाममा गलत स्रेस्ता कायम गरी सरकारी कागजात नोक्सानी समेत गरी भ्रष्टाचार गरेको ।** | **आयोगको माग दावी**<br>• **प्रतिवादी कमोद तिवारी, शम्भु साह रौनियार र शिवप्रकाश साह तेलीका हकमाः** गलत लिखत तयार गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसुरमा निज प्रतिवादीहरुलाई सोही ऐनको सोही दफा ९ बमोजिम कैद र जरिवाना हुन साथै सरकारी कागजात नोक्सान गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ को कसुरसमा निज प्रतिवादीहरुलाई सोही ऐनको सोही दफा १२ कैद र जरिवाना हुन समेतको मागदावी लिइएको।<br>• **प्रतिवादी रिन्ता कुमारीका हकमाः** सरकारी कागजात नोक्सान गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुरमा निजलाई सोही दफा १२ बमोजिम कैद र जरिवाना हुन समेतको मागदावी लिइएको ।<br>• **प्रतिवादी शेख साजिद एकबाल र शेष सफि अहमदका हकमाः** सरकारी कागजात नोक्सान गर्ने कार्यमा मतियारको भूमिका निर्वाह गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुरको मतियारमा सोही ऐनको दफा २२ बमोजिमको कसुरमा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम मुख्य कसुरदारलाई हुने सजाय सरह सजाय हुन समेतको मागदावी लिइएको ।<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरु कमोद तिवारी, शम्भु साह रौनियार र शिवप्रकाश साह तेलीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादीहरुलाई सोही दफा बमोजिम जनही ७ महिना कैद र रु.३०,०००।— जरिवाना हुने र निजहरु उपरको सोही ऐनको दफा १२ को कसुरको आरोप दावी पुग्न नसक्ने ।<br>• प्रतिवादी रिन्ता कुमारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादीलाई सोही दफा बमोजिम ६ महिना कैद र रु.१०,०००।— जरिवाना हुने ।<br>• प्रतिवादी शेष सफि अहमदले मतियारको कसुर गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम ७ महिना कैद र रु.३०,०००।— जरिवाना हुने । | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• वीरगंज महानगरपालिकाको वडा नं. ३१ को च.नं. ४२४, मिति २०७८।०७।०१ को दरभाउ स्वीकृति सम्बन्धी सिफारिसलाई गलत रुपमा प्रयोग गरी गलत निर्णय गरेको ।<br>• मोठ स्रेस्ता नै नभिडेको अवस्थामा गलत मोठ भिडाउनु, गलत फिल्ड प्रतिवेदन दिनु र गलत प्रतिवेदनलाई आधार मानी प्रतिवादीहरु कमोद तिवारी, शम्भु साह रौनियार र शिवप्रकाश साह तेली समेतले बदनियतपूर्वक कार्य गरेको पुष्टि भएको ।<br>• प्रतिवादीहरु कमोद तिवारी, शम्भु साह रौनियार र शिवप्रकाश साह तेलीले नै मोठ च्यातेको भन्ने निश्चयात्मक प्रमाणको अभावमा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ को कसुरमा दोषी करार गर्न मिल्ने अवस्था नरहेको । | • प्रस्तुत मुद्दाका प्रतिवादी कमोद तिवारी वारदातका समयमा भूमिसुधार तथा मालपोत कार्यालय, पर्सामा तत्कालीन कार्यालय प्रमुखको पदमा रहेको अवस्थामा निजले जिल्ला पर्सा साविक बेल्वा गा.वि.स. वडा नं. ८ कि.नं. २७० ज.वि. ०-१-५-० युवा स्पोर्टस क्लबको नाममा रहेको जग्गा शेष सफि अहमदको नाममा जग्गाधनी दर्ता स्रेस्ता कायम गर्ने निर्णय गरेको र उक्त निर्णयमा वीरगंज महानगरपालिकाको वडा नं. ३१ को च.नं. ४२६, मिति २०७८।०७।०१ को किटानी सिफारिस बमोजिम भनी उल्लेख भएकोमा सो वडा कार्यालयबाट उक्त मिति र च.नं.को पत्र माग गर्दा टिप्पणीमा उल्लेख गरिएको वडाको सिफारिस नदेखिएको, सो गलत लिखत (पत्र)बाट युवा स्पोर्टस क्लबको जग्गा उनाउ व्यक्ति शेष सफि अहमदको नाममा पुगी क्लबको नामको जग्गाको हकाधिकार बेदखल भएको, कि.नं. २७० ज.वि. ०-१-५-० युवा स्पोर्टस क्लबको नामको जग्गाधनी दर्ता स्रेस्ताको विवरण रहेको मोठ पाना नं. ३२९२ नै च्यातिएको अवस्थाका कारण मोठ नै नरहेको, तामेली शाखामा रहेको अभिलेख मिसिल प्रतिवादी रिन्ता कुमारीले अन्य प्रतिवादीलाई दिई हराउँदा समेत कार्यालय प्रमुखको जिम्मेवार व्यक्तिका रुपमा निज प्रतिवादी कमोद तिवारीले रिन्ता कुमारी उपर कुनै कारबाही गरेको नदेखिएको समेतका आधार कारणबाट निज प्रतिवादी कमोद तिवारी सरकारी कागजात नोक्सान गरेको कसुरमा समेत संलग्न भएको तथ्य स्थापित हुन्छ । तसर्थ कार्यालयको अभिलेख बिना नै जग्गा दर्ता स्रेस्ताको हक हस्तान्तरण जस्तो संवेदनशील कार्यमा बदनियत साथ गतल निर्णयमा सहभागी भएको हुँदा निज प्रतिवादी कमोद तिवारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको सरकारी कागजात नोक्सान गरेको कसुरबाट सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• प्रतिवादी शम्भु साह रौनियार वारदातका समयमा भूमिसुधार तथा मालपोत कार्यालय, पर्सामा नायव सुब्बाको पदमा रहेको अवस्थामा जिल्ला पर्सा साविक बेल्वा गा.वि.स. वडा नं. ८ कि.नं. २७० ज.वि. ०-१-५-० युवा स्पोर्टस क्लबको नाममा रहेको जग्गा शेष सफि अहमदको नाममा जग्गाधनी दर्ता स्रेस्ता कायम गर्ने क्रममा फिल्ड प्रतिवेदन पेश गरी निर्णयको लागि टिप्पणी समेत पेश गरेको तथा उक्त फिल्ड प्रतिवेदन र टिप्पणीमा वीरगंज महानगरपालिकाको वडा नं. ३१ को च.नं. ४२६, मिति २०७८।०७।०१ को किटानी सिफारिस बमोजिम भनी उल्लेख भएकोमा सो वडा कार्यालयबाट उक्त मिति र च.नं.को पत्र माग गर्दा फिल्ड प्रतिवेदन र टिप्पणीमा उल्लेख गरिएको वडाको सिफारिस नदेखिएको र सो गलत लिखत (पत्र)बाट युवा स्पोर्टस क्लबको जग्गा उनाउ व्यक्ति शेष सफि अहमदको नाममा पुगी क्लबको नामको जग्गाको हकाधिकार बेदखल हुन पुगेको, कि.नं. २७० ज.वि. ०-१-५-० युवा स्पोर्टस क्लबको नामको जग्गाधनी दर्ता स्रेस्ताको विवरण रहेको मोठ पाना नं. ३२९२ नै च्यातिएको अवस्थाका कारण मोठ नै नरहेको समेतका आधार कारणबाट अभिलेखको अभावमा समेत महानगरपालिकाको गलत सिफारिसको आधार लिई जग्गा स्रेस्ताको हक हस्तान्तरण कार्यको टिप्पणी उठानमा बदनियत साथ सहभागी भएको पुष्टि हुँदा निज प्रतिवादी शम्भु साह रौनियारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको सरकारी कागजात नोक्सान गरेको कसुरबाट सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• प्रतिवादी शिवप्रसाद साह तेली वारदातका समयमा भूमिसुधार तथा मालपोत कार्यालय, पर्सामा खरिदारको पदमा रहेको अवस्थामा जिल्ला पर्सा साविक बेल्वा गा.वि.स. वडा नं. ८ कि.नं. २७० ज.वि. ०-१-५-० युवा स्पोर्टस क्लबको नाममा रहेको जग्गा शेष सफि अहमदको नाममा जग्गाधनी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • प्रतिवादी शेख साजिद एकबालले मतियारको कसुर गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम ६ महिना कैद र रु.१०,०००।— जरिवाना हुने । | | | दर्ता स्रेस्ता कायम गर्ने प्रक्रियामा गलत मोठ भिडाएको र उक्त मोठ भिडाउँदा वीरगंज महानगरपालिकाको वडा नं. ३१ को च.नं. ४२६, मिति २०७८।०७।०१ को किटानी सिफारिस बमोजिम भनी उल्लेख भएकोमा सो वडा कार्यालयबाट उक्त मिति र च.नं.को पत्र माग गर्दा मोठ भिडाउँदा उल्लेख गरिएको वडाको सिफारिस नदेखिएको र सो गलत लिखत (पत्र)बाट युवा स्पोर्टस क्लबको जग्गा उनाउ व्यक्ति शेष सफि अहमदको नाममा पुगी क्लबको नामको जग्गाको हकाधिकार बेदखल भएको, निज प्रतिवादीको गलत मोठ भिडाउने कार्यबाट गलत निर्णय भई गलत स्रेस्ता कायम भएको देखिएको, कि.नं. २७० ज.वि. ०-१-५-० युवा स्पोर्टस क्लबको नामको जग्गाधनी दर्ता स्रेस्ताको विवरण रहेको मोठ पाना नं. ३२९२ नै च्यातिएको अवस्थाका कारण मोठ नै नरहेको अवस्थामा अभिलेखको अभावमा जग्गा स्रेस्ताको हक हस्तान्तरण कार्यको टिप्पणी उठानमा बदनियत साथ सहभागी भएको पुष्टि हुँदा निज प्रतिवादी शिवप्रसाद साह तेलीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको सरकारी कागजात नोक्सान गरेको कसुरबाट सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• भूमिसुधार तथा मालपोत कार्यालय, पर्साका खरिदार प्रतिवादी रिन्ता कुमारीले अभिलेख मिसिल प्रतिवादीलाई दिई हराएको हुँदा सरकारी कागजात नोक्सान गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिम सजाय भए तापनि सोही कार्यालयमा कार्यरत खरिदार शिवप्रसाद साह तेली, नायव सुब्बा शम्भु साह रौनियार र कार्यालय प्रमुख कमोद तिवारीलाई जग्गाको दर्ता स्रेस्ता उल्लेख भएको मोठ च्यातेको आरोप दाबीबाट सफाई दिने गरी भएको फैसला आफैंमा बाझिएको देखिन्छ । कसुरको संलग्नता र दायित्व सामूहिक रुपमा पुष्टि भएको अवस्थामा सबै व्यक्तिलाई सजाय हुनुपर्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हो ।यस्तो अवस्थामा प्रतिवादीहरु कमोद तिवारी, शम्भु साह रौनियार र शिवप्रसाद साह तेलीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको सरकारी कागजात नोक्सान गरेको कसुरबाट सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिँदा बदरभागी छ ।<br>• सम्मानित सर्वोच्च अदालतबाट जगरनाथप्रसाद सोनार विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा **(ने.का.प. २०७५, अंक ३, नि.नं. १०३८७)** फैसला हुँदा *"भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरुसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुऱ्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने"* भन्ने सिद्धान्त प्रतिपादन भएको अवस्था समेतलाई अनदेखा गरी प्रतिवादीहरु कमोद तिवारी, शम्भु साह रौनियार र शिवप्रसाद साह तेलीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको सरकारी कागजात नोक्सान गरेको कसुरबाट सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिँदा बदरभागी छ ।<br>अतः उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट निज प्रतिवादीहरुले आरोप दावी बमोजिमको कसुर गरेको सप्रमाण पुष्टि भएको अवस्थामा निज प्रतिवादीहरु कमोद तिवारी, शम्भु साह रौनियार र शिवप्रसाद साह तेलीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको सरकारी कागजात नोक्सान गरेको कसुरको आरोप दावी दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा निज प्रतिवादीहरु कमोद तिवारी, शम्भु साह रौनियार र शिवप्रसाद साह तेलीलाई अभियोग मागदाबी बमोजिम सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध छ । |